“सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक”

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता SAHAKARITA

द्वैमासिक

वर्ष ८ अंक २८, आश्विन-कार्तिक, २०७८ www.ncbl.coop September 17- November 16

## राष्ट्रिय सहकारी बैंकको १८ औं वार्षिक साधारण सभा पौष १६ गते देखी हुँदै



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको १८ औं वार्षिक साधारणसभा पौष १६ गते देखी शुरु हुने भएको छ । बैंकको कार्तिक ९ गते बसेको सञ्चालक समितिको बैठकले पौष १६ गते देखी २८ गते सम्म एकाईहरुमा र पौष ३० गते एकाई बैठकका प्रतिनिधिहरुले निर्णय प्रमाणित गर्ने सभा गर्न लागेको हो । यस पटकको वार्षिक साधारणसभा सातवटै प्रदेशमा प्रतिनिधिहरुको भौतिक उपस्थितिमा गर्ने निर्णय गरेको छ । गत वर्षको साधारण सभा सातै प्रदेशमा भर्चुअल माध्यमबाट भएको थियो । राष्ट्रिय सहकारी बैंकले पहिलो पटक प्रदेशहरुमा भौतिक उपस्थितिमा वार्षिक साधारणसभा गर्न लागेको हो ।

१८ औं वार्षिक साधारणसभा सुदूरपश्चिम प्रदेशबाट शुरु हुने छ । पौष १६ गते एकाई ७ अन्तर्गत सुदूरपश्चिम प्रदेशका सम्पूर्ण जिल्लाहरुका प्रतिनिधिहरुका लागि धनगढीमा सभा हुने बैंकले जनाएको छ । त्यस्तै पौष १८ गते एकाई ६ अन्तर्गत कर्णाली प्रदेशका सम्पूर्ण जिल्लाका प्रतिनिधिहरुका लागि सुर्खेतमा, पौष २० गते एकाई ५ अन्तर्गत लुम्बिनी प्रदेशका सम्पूर्ण जिल्लाका प्रतिनिधिहरुका लागि बुटवलमा, पौष २२ गते एकाई ४ अन्तर्गत गण्डकी प्रदेशका सम्पूर्ण जिल्लाका प्रतिनिधिहरुका लागि पोखरामा साधारण सभा हुँदै छ ।

त्यसैगरी पौष २४ गते एकाई ३ अन्तर्गत बागमती प्रदेशका सम्पूर्ण जिल्लाका प्रतिनिधिहरुका लागि काठमाडौमा, पौष २६ गते एकाई २ अन्तर्गतका प्रदेश नम्बर-२, का सम्पूर्ण जिल्लाका प्रतिनिधिहरुको लागि जनकपुरमा र पौष २८ गते एकाई १ अन्तर्गत प्रदेश नम्बर १ का सम्पूर्ण जिल्लाका प्रतिनिधिहरुका लागि विराटनगरमा हुने बैंकका अध्यक्ष के.बी. उप्रेतीले बताउनु भयो ।

*(बाँकी पृष्ठ २२ मा)*



## बैंकका प्रमुख कार्यकारी अधिकृत गुरागाईलाई प्रवल जन सेवाश्री पदक

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईलाई प्रवल जनसेवा श्री पदकद्वारा विभूषित गरिने भएको छ । संविधान दिवसको अवसरमा उहाँलाई उक्त सम्मान प्रदान गर्ने घोषणा नेपाल सरकारको सिफारिसमा असोज ३ गते राष्ट्रपति विद्यादेवी भण्डारीबाट भएको हो । राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान दिने व्यक्तिहरुलाई प्रदान गरिने सम्मान बैंक तथा वित्तीय क्षेत्रबाट गुरागाईलाई प्रदान गर्ने घोषणा गरिएको हो ।

*(बाँकी पृष्ठ २२ मा)*

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

**सल्लाहकार**

के.बी. उप्रेती

लक्ष्मी प्रसाद उप्रेती

बद्री कुमार गुरागाई

**सूचना, सञ्चार तथा प्रकाशन उप-समिति:**

**संयोजक**

माधवलाल देवकोटा

**सदस्यहरू**

राम बहादुर जि.सी., शिवा थापा, गम्भीर लाल श्रेष्ठ, डिल्ली प्रसाद पोखरेल, आर. एस. तिमल्सिना

**सदस्य सचिव**

नविन कुमार कार्की

**प्रधान सम्पादक**

राम बहादुर जि.सी.

**सहयोगी**

बलराम के.सी

**ठेगाना**

राष्ट्रिय सहकारी बैंक लिमिटेड
कर्पोरेट कार्यालय, कुपण्डोल, ललितपुर
फोन नं : ०१-५१८०१८२
फ्याक्स: +९७७-०१-५५५५६८७
E-mail: publication@ncbl.coop
ncbl@ncbl.coop
Website: www.ncbl.coop

## सम्पादकीय

### तरलताको अभावको दीर्घकालीन समाधान गरौँ

तरलता भनेको निक्षेपकर्ताले मागेको बखत नगद दिन सक्ने बैंक तथा सहकारीको क्षमता हो । त्यसैले बैंक तथा वित्तीय क्षेत्रमा तरलतालाई तुरुन्त लगानी योग्य पूँजीका रूपमा बुझ्ने गरिन्छ र बैंकले यस्तो क्षमतामा असर नपर्ने गरी कर्जा नीति तय गर्नुपर्छ। बैंकमा व्यक्ति तथा विभिन्न संघ/संस्था, कम्पनी, संस्थान आदिबाट संकलन हुन आएको रकम चल्ती, मुद्दती तथा निक्षेप खातामा जम्मा भएको हुन्छ र उनीहरूले मागेको समयमा ब्याजसहित रकम भुक्तानी गर्नुपर्ने दायित्व स्वयं बैंक तथा वित्तीय क्षेत्रको हुन्छ । यसरी सर्वसाधारणले बैंक तथा सहकारीमा राखेको निक्षेप, बैंकहरूले केन्द्रीय बैंकमा, सहकारी संघ/संस्थाहरुले राष्ट्रिय सहकारी बैंकमा राखेको रकम, बजारमा खरिद-बिक्री भइरहने वित्तीय उपकरण र सुन चाँदी जस्ता बहुमूल्य धातुमा अत्यधिक तरलताको गुण रहेको हुन्छ । साथै, कुनै पनि वित्तीय सम्पत्ति सजिलै खर्चयोग्य रकममा रूपान्तरण गर्न सकिने अवस्थालाई बजारको तरलता भनिन्छ र अहिले बजारमा तरलता समस्या नभई लगानीमा समस्या आएको बताइन्छ । वित्तीय क्षेत्रका सबै संस्था अहिले सुरक्षित छन् र बैंक तथा वित्तीय संस्थामा आन्तरिक समस्या छैन । त्यसैले अहिले बजारमा देखिएको तरलताको अभाव भनेको कर्जा प्रवाह गर्ने क्षमता कमजोर भएको परिणाम हो र नयाँ कर्जा दिन बैंक तथा वित्तीय संस्थाहरूमा पर्याप्त पैसा नभएको मात्र हो ।

कुनै पनि देशको अर्थतन्त्रमा तरलता, ब्याजदर र मुद्रा स्फीतिको अन्योन्याश्रित सम्बन्ध रहेको मानिन्छ र तरलता बढ्यो भने ब्याजदर घट्छ र मुद्रास्फीति बढ्छ । साथै, तरलतामा संकुचन आयो भने ब्याजदर बढ्छ र मुद्रास्फीतिमा दबाब कम हुन्छ। यस्तो अवस्थामा बैंक तथा वित्तीय संस्थाहरूको लगानी सीमा भन्दा बढी भए पनि उत्पादनशील क्षेत्रमा अपेक्षित मात्रामा लगानी बढ्न सकिरहेको छैन । छिटो र धेरै कमाइ हुने क्षेत्रमा लगानी गर्ने, घुमाएर लगानी गर्ने जस्ता प्रवृत्ति बैंकहरूमा व्याप्त छन्, अर्थात् बैंक तथा वित्तीय संस्थाहरू तत्काल लाभ प्राप्त हुने क्षेत्रमा मात्रै लगानी गरिरहेकाले यदाकदा तरलताको समस्या देखा पर्ने गरेको छ ।

अहिले देखिएको तरलताको समस्या भनेको बैंक तथा वित्तीय संस्थाहरूले बैंकिङ आचरण पालना नगरेको, नियमन कर्ताले आफ्नो कर्तव्य पूरा नगरेको र अनुत्पादक क्षेत्रमा भएको अधिक लगानीको परिणाम हो भन्न सकिन्छ । त्यस्तै हाम्रो अर्थतन्त्र विप्रेषणमा आधारित भएकाले विप्रेषणको आम्दानीबाट आएको पैसाले हामी चालू खर्च समेत धान्न सक्ने अवस्थामा छैनौं भने पूँजीगत खर्च, जुन विकासको आधार हो, त्यो हामीसँग छैन। यस्तो समस्याको दीर्घकालीन समाधानका लागि उत्पादक क्षेत्रमा लगानी बढाउनैपर्छ ।

# मोरङमा सहकारीका सदस्यहरूको उत्पादन, प्रशोधन र बजारीकरण विषयक अन्तरक्रियात्मक गोष्ठी



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड सुन्दरहरैँचा शाखा क्षेत्रका सहकारीकर्मीहरु बीच सहकारी संस्थाका सदस्यहरुको उत्पादन, प्रशोधन र बजारीकरणको क्षेत्रमा विद्यमान अवस्थाको बारेमा एक दिने अन्तरक्रियात्मक गोष्ठी कात्तिक ८ गते सम्पन्न भएको छ ।

प्रदेश नम्बर-१, को थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लिमिटेड झापाको आयोजना तथा राष्ट्रिय सहकारी बैक लिमिटेड सुन्दरहरैचा शाखाको सहकार्यमा बैंकको सुन्दरहरैचा शाखा क्षेत्रका सहकारी संस्थाहरुबीच सदस्यहरुको उत्पादन प्रशोधन र बजारीकरणको क्षेत्रमा विद्यमान अवस्था विषयक एक दिने अन्तरक्रियात्मक गोष्ठी सुन्दरहरैचा विराटचोकमा सम्पन्न भएको हो ।

कार्यक्रममा बैंकका नि-वर्तमान अध्यक्ष तथा राष्ट्रिय सहकारी महासंघका उपाध्यक्ष रमेश प्रसाद पोखरेलले सहकारी संस्थाका सदस्यहरुले उत्पादन गरेको बस्तु तथा सेवालाई बजारसम्म पुऱ्याउने काम सहकारी संस्थाहरुले गर्नु पर्ने बताउनु भयो । उहाँले "सदस्यले उत्पादन गरेका विभिन्न कृषि तथा घरेलुजन्य बस्तुहरु सहकारी संस्थाले खरिद गरिदिने र बजारसम्म पुऱ्याएर संस्थाले बिक्रिवितरण गरि सदस्यहरुलाई रकम भुक्तानी गर्नुपर्ने कुरामा जोड दिँदै त्यसले कृषि उत्पादनमा वृद्धि भई रोजगारी सिर्जना हुने र गरिबी घट्ने दाबी गर्नुभयो" । त्यस्तै बैंकका संचालक एंव प्रदेश नम्बर एकका संयोजक महेन्द्र कुमार गिरीले "सहकारी संस्थाहरुलाई कृषि तथा घरेलु उत्पादनमा जोड दिनका लागि बैंकले सस्तो ब्याजदरमा कर्जा उपलब्ध गराएकोले त्यसको उपभोग गर्न सहकारी संस्थाका प्रतिनिधिहरुलाई आग्रह गर्दै, संस्थाहरुलाई व्यवसायिक उत्पादन गर्ने कार्यमा लाग्न सुझाव दिनु भयो" ।

कार्यक्रममा मोरङ जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष सोमनाथ निरौला, राष्ट्रिय सहकारी बैंकको सुन्दरहरैचा शाखा समन्वय उप-समितिका संयोजक टिका प्रसाद कट्टेल, प्रदेश नम्बर-१, को थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लिमिटेडका संचालक अमृत गुरुङ, बाघ भैरव प्रिन्टिङ्ग हव प्रा.लिका निर्देशक राम कुमार के.सी. लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रममा सुन्दरहरैँचा शाखा क्षेत्रका सहकारी संस्थाहरुका ६० जना भन्दा बढी प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

प्रदेश नंम्बर एकको थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ झापाका संचालक प्रेम सापकोटाले स्वागत मन्तव्य राख्नु भएको कार्यक्रममा राट्रिष्य सहकारी बैंक लिमिटेड सुन्दरहरैचा शाखाका प्रमुख अर्जुन कार्कीले शाखाको हालको प्रगति अवस्था र बैंकले संचालन गर्दै आएका कार्यहरुको जानकारी गराउनु भएको थियो ।

# सहकारीमा लेखा सुपरिवेक्षण समितिको भुमिका

**सुर्यप्रसाद रिमाल**
अधिकृत
राष्ट्रिय सहकारी बैक लि.



## पृष्ठभुमी

सहकारी संस्थाको सर्वोच्च निकाय साधारण सभा हो । साधारण सभा वर्षमा एक पटक अनिवार्य रुपमा बस्नु पर्ने सदस्यहरुको विशाल सभा हो । यस सभाबाट आवधिक रुपमा (प्रत्येक ४/४ बर्षमा) सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन/छनौट हुने गर्दछ । संस्थाको संचालक समिति संस्था संचालनमा मुख्य जिम्मेवार रहन्छ, संस्था संचालन तथा व्यवस्थापनसँग सम्बन्धित सम्पूर्ण निर्णय गर्ने अधिकार संचालक समितिमा रहन्छ। यसको अर्थ संचालक समितिले जे पनि निर्णय गर्न सक्दछ भन्ने होइन, संचालक समितिले कुनै पनि विषयमा निर्णय गर्दा सहकारी ऐन, नियमावली, मापदण्ड, सहकारी बिभागबाट जारी निर्देशिकाहरु, संस्थाको आफ्नै विनियम, संस्थाका आन्तरिक नीति तथा कार्यविधिहरु, साधारण सभाको निर्णयहरुको पूर्ण पालना गर्नुपर्दछ । सहकारी संस्था संचालन तथा व्यवस्थापनमा मुख्य जिम्मेवारी प्राप्त गरेका संचालकहरुले संस्था ठिक ढंगले (सहकारी ऐन, नियमावली, मापदण्ड, सहकारी बिभागबाट जारी निर्देशिकाहरु, संस्थाको आफ्नै विनियम, संस्थाका आन्तरिक नीति तथा कार्यबिधिहरु, साधारणसभाको निर्णयहरु अनुरुप) संचालन गरे/नगरेको, सहकारीको व्यवस्थापन प्रभावकारी ढंगले गरे/नगरेको विषयमा निरन्तर अनुगमन गर्न साधारण सभाले निर्माण गर्ने ज्यादै महत्वपूर्ण समिति सहकारी संस्थाहरुको लेखा सुपरिवेक्षण समिति हो ।

अहिले समग्र सहकारीहरुमा तमाम समस्याहरु छन् जस्तै नीति नियमहरुको ठिक ढंगले पालना हुन नसक्नु, वैज्ञानिक विधिबाट तथा प्रभावकारी रुपमा सहकारीको लेखा व्यवस्थापन हुन नसक्नु, सहकारीले प्रभावकारी वित्तीय व्यवस्थापन गर्न नसक्नु, सहकारीमा कर्मचारीको प्राप्ति, प्रयोग र सम्भारमा कमजोरी हुनु आदि तर यी समस्या तथा कमजोरीहरु सहकारीका संचालक तथा व्यवस्थापनको गलत नियत तथा खराब मानसिकताका उपज मात्र होइनन, संचालक तथा कर्मचारीहरुमा भएको नीतिगत ज्ञान तथा व्यवस्थापकीय क्षमताको अभावका कारणले धेरै समस्याहरु देखापरेका छन, यस प्रकारका समस्याहरुलाई आन्तरीक रुपमै पहिचान गरी समाधानका लागी सुझाव पेश गरी सुधार गराउन लेखा सुपरिवेक्षण समितिको प्रमुख भूमिका रहेको हुन्छ । तसर्थ सहकारी संस्थालाई आन्तरिक नियन्त्रण गर्दै सुशासन कायम गराउने मूलभूत जिम्मेवारी लेखा समितिमा रहेको हुन्छ ।

कतिपय संस्थाहरुमा संचालक समिति र लेखा सुपरिवेक्षण समिति मध्य को ठुलो भन्ने विवाद पनि हुनसक्दछ । सामान्यतया लेखा सुपरिवेक्षण समिति भन्दा संचालक समिति ठुलो हो भन्ने भ्रम व्याप्त रहेको पाइन्छ, जुन बिलकुल गलत हो, किनकी यी दूवै समितिहरु साधारणसभाबाट निर्वाचत समिति हुन, केवल जिम्मेवारी मात्र फरक हो, संचालक समितिले गरेका निर्णयहरु तथा भएका

कार्यक्रमहरुको बारेमा समेत सुक्ष्म विश्लेषण तथा परिक्षण गरेर ऐन नियम, योजना तथा बजेट अनुसार भय नभएको पहिचान गरी आवश्यक परे सुधारका लागी सुझाव दिन सक्ने लेखा सुपरिवेक्षण समिति भुमिका तथा जिम्मेवारीका हिसावले संचालक समिति भन्दा कम महत्वको हुनै सक्दैन ।

## विषय प्रवेश

लेखा भन्नाले संस्थामा भएका प्रत्येक कारोवारहरुको नियम संगत ढंगले अभिलेख राख्ने कार्यलाई बुझाउदछ भने सुपरिवेक्षण भन्नाले संस्थामा भइरहेको काम सहि रुपमा भए नभएको एकिन गरी सहि हुने गरी सुधार गर्ने कार्यलाई जनाउछ। समग्रमा संस्थाको लेखा र अन्य व्यवस्थापन के कस्तो भई रहेको छ भन्ने कुराको नियमित रुपमा अनुगमन गरी अपेक्षित रुपमा सुधार गर्न संचालक समिति तथा व्यवस्थापनलाई सुझाव दिने कार्य गर्ने समिति नै लेखा सुपरिवेक्षण समिति हो ।

सहकारी ऐन २०७४ को दफा ४८ मा लेखा सुपरिवेक्षण समितिको काम, कर्तब्य र अधिकारको पहिलो बुँदामा नै प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरिक्षण गर्ने/गराउने उल्लेख छ, त्यसैगरी वित्तीय तथा आर्थिक कारोवारको निरीक्षण तथा मुल्यांकन गर्ने/गराउने, सञ्चालक समितिको काम कारबाहीको नियमित सुपरिवेक्षण गर्ने/गराउने, साधारणसभा तथा समितिका निर्णयहरु कार्यान्वयन भए/नभएको अनुगमन गर्ने, संस्थामा समग्र रुपमा वित्तीय अनुशासन कायम भए/नभएको जाँचबुझ गर्ने र आवश्यक सुझाव दिने उल्लेख छ, उल्लेखीत कार्यहरु गर्न लेखा सुपरिवेक्षण समितिको सदस्यमा निर्वाचित हुनका लागी लेखापालन तथा लेखा परिक्षण सम्बन्धी ज्ञान भएको हुनुपर्ने व्यवस्था सहकारी नियमावलीको नियम नं. २२ मा गरिएको छ । सबै सहकारीका लेखा सुपरिवेक्षण समितिका सदस्यहरुमा संस्थाको आन्तरीक लेखापरिक्षण गर्ने, त्तिीय अनुशासन कायम भए/नभएको जाँचबुझ गर्ने, ऐन नियमको पालना भए/नभएको जाँचबुझ गर्ने ज्ञान वा आवश्यक पर्याप्त समय नहुनपनि सक्दछ, यस्तो अवस्थामा लेखा सुपरिवेक्षण समितिले आन्तरिक लेखापरिक्षण गर्नका लागी तीन जना आन्तरिक लेखापरिक्षकको नाम सञ्चालक समितिमा पेश गर्न सक्दछ, लेखा समितिले दिएको सिफरिसका आधारमा तिन मध्येबाट संचालक समितिले आन्तरिक लेखापरिक्षक नियूक्त गर्न सक्नेछ ।

जे होस, लेखा सुपरिवेक्षण समिति आफैले वा आन्तरीक लेखापरिक्षक नियूक्त गरेर भएपनि संस्थाको आन्तरिक लेखा परिक्षण गर्ने/गराउने जिम्मेवारी लेखा सुपरिवेक्षण समितिमा रहेको हुन्छ ।

# आन्तरिक लेखा परिक्षणमा के परिक्षण गर्ने त ?

**क) संस्थाका आर्थिक कारोबारहरुको परिक्षण :**

यस अर्न्तगत आर्थिक कारोबार गर्दा बिल, भर्पाइ तथा रसिद तयार गरे/नगरेको, आर्थिक कारोबारको ठिक ढंगले भर्पाइ उठाई सम्बन्धित खाताहरुमा समेत पोष्टिङ गरे/नगरेको, सही रकम आम्दानी बाँधे/नबाँधेको, बजेट अनुसार खर्च भए/नभएको, खरिदको बिल अनुसारको सामान दर्ता भए/नभएको, खर्च गर्ने अख्तियारी तथा बिल प्रमाणित गर्ने अख्तियार प्राप्त व्यक्तिको दस्तखत भए/नभएको, समयमा पेश्की फछ्र्यौट भए/नभएको परिक्षण गर्नुपर्दछ ।

**ख) नीतिगत निर्णयहरुको परिक्षण :**

यस अर्न्तगत संचालक समितिले गरेका निर्णयहरु सहकारी ऐन, नियमावली, मापदण्ड, सहकारी बिभागबाट जारी निर्देशिकाहरु, संस्थाको आफ्नै

विनियम, संस्थाका आन्तरिक नीति तथा कार्य विधिहरु, साधारणसभाको निर्णयहरु जस्तै वार्षिक कार्ययोजना अनुरुप भए नभएको, साधारण सभाबाट पारित वार्षिक कार्ययोजना कार्यन्वयन भए/नभएको, साधारणसभा तथा संचालक समिति आफैले गरेका निर्णयहरु कार्यान्वयन भए/नभएको, संस्था सञ्चालनका लागी आवश्यक नीति तथा कार्यविधिहरु निर्माण भए/नभएको परिक्षण गर्नुपर्दछ ।

**ग) दैनिक कार्य सञ्चालनको परिक्षण :**

यस अर्न्तगत संचालक समितिको नियमित बैठक बसे/नबसेको, कर्मचारी नियमित भए/नभएको, कर्मचारीहरुलाई कार्य विवरण प्रदान गरे/नगरेको, कर्मचारीहरुको कार्य सम्पादन मुल्यांकन गरे/नगरेको, सदस्य बनाउदा आवश्यक विवरणहरु संलग्न गरे/नगरेको, गैर सदस्यसंग बचत संकलन गरे/नगरेको, ऋण लगानी गर्दा आवश्यक प्रकृया र कागजात पुरा गरे/नगरेको, भाखा नाघेको ऋणको लागी पर्याप्त ऋण सुरक्षण व्यवस्था गरे/नगरेको, सदस्यहरुलाई आवश्यक सेवाहरु प्रदान गरे/नगरेको, बचत तथा ऋणको व्याजदर समय सापेक्ष रुपमा परिमार्जन गरे/नगरेको, सेवा प्रदान तथा लाभांश वितरणमा सदस्यहरुबीच भेदभाव गरे/नगरेको, विभिन्न कार्यक्रमहरुमा सदस्यहरुको अपेक्षित सहभागिता भए/नभएको, संस्थाप्रति सदस्यहरु सन्तुष्ट भए/नभएको परिक्षण गर्नुपर्दछ ।

**घ) कर सम्बन्धी परिक्षण :**

संस्थाका कर्मचारी तथा संचालकहरुले पान नं लिए/नलिएको, कर्मचारीहरुको तलब तथा पारिश्रमिकमा कर कट्टा गरे/नगरेको, संचालकहरुले पाउने भत्तामा कर कट्टा गरे/नगरेको, बचतको व्याजमा कर कट्टा गरे/नगरेको, घरबहाल कर, लाभांश कर कट्टा गरे/नगरेको, अग्रिम कर दाखिला गरे/नगरेको, किस्ताबन्दीमा कर दाखिला गरे/नगरेको, तोकिएको समयमा **E- TDS** गरे /नगरेको आदि परिक्षण गर्नुपर्दछ ।

## निश्कर्ष :

समग्रमा सहकारी संस्था संचालनका क्रममा जानी-नजानी बिभिन्न त्रुटी कमजोरीहरु हुन सक्दछ, यस्ता त्रुटी तथा कमजोरीहरुलाई बेलैमा सुधार गर्न सकिएन भने संस्थामा गम्भीर समस्याहरु देखा पर्न सक्दछन । सहकारी संस्थाहरु के कसरी संचालन भइरहेका छन, के कस्ता जोखिममा छन भन्ने विषयमा नियामक निकायबाट समेत नियमित रुपमा अनुगमन हुनुपर्ने हो, तर सहकारी संस्था सुधार हुनेगरी कुनै अनुगमन हुने गरेको छैन । **राष्ट्रिय सहकारी बैंकले सहकारीहरुको निरन्तर अनुगमन गरी सुधार गर्न सहकारी स्तरीकरण कार्यक्रम संचालन संचालन गरेको छ ।** यस कार्यक्रममा पनि धेरै सहकारीहरुलाई आवद्ध गर्न सकिएको छैन, यस्तो अवस्थामा लेखा सुपरिवेक्षण समितिले संस्थाको नियमित अनुगमन गरी संस्थाको जोखिमहरु पहिचान गर्दै संस्था सुधार गर्न निरन्तर क्रियासिल हुन जरुरी छ ।

धन्यवाद ।

# बैंकको चापागाउँ शाखामा कारोबार गर्ने दुई सहकारी संस्थाहरु सम्मानित




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको ललितपुरको चापागाउँ शाखामा कारोबार गर्ने दुई सहकारी संस्थाहरु सम्मानित भएका छन् ।

बैंकको १७ औं वार्षिक साधारण सभामा शाखा स्तरमा उत्कृष्ट र नियमित कारोबार विधा अन्तर्गत घोषणा भएका सहकारी संस्थाहरुलाई असोज ४ गते शाखामा एक कार्यक्रमको आयोजना गरि सम्मान गरिएको हो ।

संस्थाहरुमा उत्कृष्ट कारोबार तर्फ श्रीस बृहत प्रतिफल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड र नियमित कारोबार विधामा कर्मठ सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड सम्मानित भएका छन् । सम्मानित संस्थाहरुलाई बैंकका अध्यक्ष के.बी उप्रेती र संचालक रामहरी बजगाँईले संयुक्त रुपमा सम्बन्धित सस्थाका प्रतिनिधिहरुलाई प्रशंसा पत्र वितरण गर्नु भएको थियो । प्रशंसा पत्र वितरण पछि बोल्दै अध्यक्ष उप्रेतीले "बैंकबाट पुरस्कार प्राप्त भए पश्चात सहकारी संस्थाहरुप्रति बैंकको उत्तर दायित्व झनै बढ्ने भएकोले संस्था स्तरीय तवरबाट संचालन भए नभएको विषयमा बैंक सदैव चिन्तित रहने भएको हुँदा बैंकद्वारा प्रदान गरिएको विभिन्न तहका स्तरीकरण कार्यक्रममा सहभागी भई बैंकको पूर्ण निगरानीमा रहन दुबै संस्थाका संचालक समितिका पदाधिकारी एवं कर्मचारीहरुलाई आग्रह गर्नु भयो" । उहाँले दूवै संस्थालाई बधाई ज्ञापन गर्दै सहकारी क्षेत्रको सम्पूर्ण कारोबार राष्ट्रिय सहकारी बैंक मार्फत नै गर्न आग्रह गर्नु भएको थियो । बैंकका संचालक रामहरी बजगाँईको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन चापागाँउ शाखाका प्रमुख रामशरण सापकोटाले गर्नु भएको थियो । कार्यक्रममा दुवै सहकारी संस्थाको संचालक समितिका पदाधिकारी, सदस्य एवं कर्मचारीहरु लगायतको सहभागिता रहेको थियो ।

# बैंकको सुर्खेत शाखाको आयोजनामा हाजिरी जवाफ प्रतियोगिता सम्पन्न

ललितपुर । विद्यार्थीहरुलाई वित्तीय क्षेत्रको बारेमा सचेत बनाउने उद्देश्यका साथ ५७ औं राष्ट्रिय बाल दिवसको अवसरमा राष्ट्रिय सहकारी बैंक लिमिटेड सुर्खेत शाखाले हाजिरी जवाफ प्रतियोगिता कार्यक्रम सम्पन्न गरेको छ । बैंकको वार्षिक कार्यक्रम अनुसार सबै शाखाहरु मार्फत सामुदायिक विद्यालयहरुमा निबन्ध लेखन, वक्तृत्वकला, हाजिरी जवाफ प्रतियोगिता, वित्तीय साक्षरता लगायतका अन्तरक्रिया, छलफल, तथा तालिमको आयोजना गरि विद्यार्थीहरुलाई विद्यालय तह देखि नै वित्तीय क्षेत्रको विषयमा विभिन्न शाखा कार्यालय मार्फत कार्यक्रम गरिसकेको बैंकले असोज ५ गते सुर्खेत शाखा अन्तर्गत भैरव माध्यामिक विद्यालयमा हाजिरी जवाफ प्रतियोगिता सम्पन्न गरेको हो ।

प्रतियोगितामा विद्यालयमा अध्ययनरत विभिन्न चार वटा समुहरु सहभागि भएका थिए, जसमा समुह'C' का विद्यार्थीहरु प्रथम, समुह 'B' का विद्यार्थिहरु द्बितीय र समुह 'D' का विद्यार्थीहरु तृतीय भएका थिए । कार्यक्रम विद्यालयमा गठित भैरव माध्यमिक. सहकारी बालक्लवका अध्यक्ष शुसिल सुनारको अध्यक्षता, बैंकका संचालक तथा कर्णाली प्रदेशका संयोजक हरिहर नाथ योगीको प्रमुख आतिथ्यता, विद्यालयका निमित्त प्रधानाध्यापक पवन कुमार कोईरालाको आतिथ्यता र बैंकको सुर्खेत शाखाका प्रमुख हिरालाल सुनारको संचालनमा संम्पन्न भएको थियो ।

# बैंकको न्यूरोड शाखामा कारोबार गर्ने दुई सहकारी संस्थाहरू पुरस्कृत



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड न्यूरोड शाखामा कारोबार गर्ने दुई वटा सहकारी संस्थाहरु पुरस्कृत भएका छन् । शाखाले आर्थिक वर्ष २०७६/०७७ मा उत्कृष्ट कारोबार विधा अन्तर्गत व्यक्ति विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड कमलाक्षी, काठमाण्डौं र नियमित कारोबार विधामा पायोनियर बचत तथा ऋण सहकारी संस्था लिमिटेड पाको, न्यूरोडलाई असोज ६ गते एक कार्यक्रमको आयोजना गरी पुरस्कृत गरेको हो ।

बैंकका अध्यक्ष के.बी उप्रेती र संचालक एवं बागमती प्रदेशका संयोजक ज्ञान बहादुर तामाङले संयुक्त रुपमा पुरस्कृत संस्थाका प्रतिनिधिहरुलाई प्रशंसा पत्र वितरण गर्नु भएको थियो ।

सो अवसरमा बोल्दै बैंकका अध्यक्ष के.बी. उप्रेतीले सहकारी क्षेत्रमा आवश्यक पर्ने वित्तीय तथा गैर- वित्तीय सम्पूर्ण सेवाहरु प्रदान गर्न बैंक तयार रहेको बताउनु भयो । त्यस्तै संचालक ज्ञान बहादुर तामाङ र शाखा समन्वय उप-समितिका संयोजक विन्देश्वर श्रेष्ठले सम्मानित संस्थाहरुलाई बधाई तथा शुभकामना दिनुभएको थियो । सम्मानित संस्थाका अध्यक्षहरु सन्तोष महर्जन र यूवराज श्रेष्ठले बैंकले संस्थाको योगदानको कदर गर्दै पुरस्कृत गरेकोमा धन्यवाद दिनु भएको थियो । कार्यक्रमको संचालन न्यूरोड शाखाका प्रमुख केदारनाथ उप्रेतीले गर्नु भएको थियो

**शेयर खरिद तथा खाता सञ्चालनका लागि आवश्यक कागजातहरु**

- सहकारी संघ सस्थाहरुले कम्तिमा प्रति कित्ता रु.१०० का दरले न्युनतम १० कित्ता शेयर र प्रवेश शुल्क रु. ५०० ( फिर्ता नहुने गरी ) बुझाई बैंकको शेयर खरिद गर्न सक्नेछन् ।
- बैंकको शेयर खरिद गर्ने , खाता खोल्ने तथा सञ्चालन गर्ने सम्वन्धी अख्तियारी सहितको संचालक समितीको निर्णयको प्रतिलिपि
- खाता सञ्चालकहरुको फोटो र नागरिकताको प्रतिलीपी ।
- शेयर खरिद गर्ने र खाता खोल्ने सम्वन्धि अनुरोध पत्र
- संघ सस्था दर्ता र पान ( स्थायी लेखा नम्बर ) प्रमाणपत्रको प्रतिलीपी
- संघ सस्थाको स्वकृति विनियमको प्रतिलीपी ।
- अन्तिम वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलीपी ।
- वैकले उपलब्ध गराएको शेयर खरिद गर्ने र खाता खोल्ने फारम
- नमुना दस्तखत कार्ड र KYM. फारम
- राष्ट्रिय सहकारी वैकको शेयर खरिद सधै खुला रहने छ ।

## संस्था परिचय

# टुगा आस्था विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड

### संस्थाको परिचय (Introduction):



लुम्विनी प्रदेश रुपन्देही जिल्लाको सिद्धार्थ राजमार्गमा पर्ने ओम सतिया गाउँपालिका वडा नम्बर–१, केन्द्रीय कार्यालय रहेको टुगा आस्था विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड वि.स. २०६२ सालमा स्थापना भएका साविकको तिनवटा साकोसहरु आस्थाश्री बचत तथा ऋण सहकारी संस्था लिमिटेड. ओमसतिया-१, रुपन्देही, नेपाल टुगा बचत तथा ऋण सहकारी संस्था लिमिटेड. तिलोत्तमा नगरपालिका वडा नंम्बर-१५, रुपन्देही र देवानारी विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड ओम सतिया-१, रुपन्देही बीच वि.स. २०७६/०६/२८ गते एकिकरण भई स्थापित एकिकृत सहकारी संस्था हो ।

यस संस्थाले रुपन्देही जिल्लाको ओमसतिया गाउँपालिकाको वडा नं. १, २, ३, सियारी गाउँपालिकाको वडा नं. १ र तिलोत्तमा नगरपालिकाको वडा नं. ६, ७, १३, १४, १५, १६ र १७ भूगोललाई आफ्नो कार्यक्षेत्र बनाई सदस्यहरु माफ वित्तिय कारोबार गरिरहेको छ ।

संस्थाको हाल सदस्य कुल सदस्य संख्या ५,४८२ जना, कुलपूँजी रु. ६६,६७,३०,०९६।- रहेको यस संस्थाको संस्थागत पूँजी रु. ३५,७६८,३२५।- र बचत निक्षेप रु. ५२,६२,१५,८७६।- रहेको छ । आफ्नै दुई वटा पक्की भवन र २ कठ्ठा ५ धुर जग्गा रहेको संस्थाको तिनवटा सेवा केन्द्र र एक केन्द्रीय कार्यालयबाट सदस्यहरुलाई सेवा दिइरहेको छ । ४६ प्रतिशत सदस्यलाई संस्थाको आफ्नै डिजिटल मोबाइल बैकिङ्ग सेवामा आवद्ध गराउन सफल संस्थाले क्युआर कोडबाट भुक्तानी सेवा प्रदान गरेको संस्थाले सबै रेमिट सेवा कारोबार सहित लघुऋण बिमा सुविधा र जीवनबिमाको एजेन्सी लिई सदस्यको जीवनबिमा सम्वन्धी सेवा सुविधा प्रदान गर्दै आएको छ ।

- **कार्यक्षेत्र :**

  रुपन्देही जिल्लाको साविक पडसरी, चिल्हिया, हाटी फर्साटिकर, मधवलिया, टिकुलीगढ र करहिया गा.वि.स.हरु ( हाल ओमसतिया गाउँपालिकाको वडा नम्बर १,२ र ३, सियारी गाउँपालिकाको वडा नम्बर १ र तिलोत्तमा नगरपालिकाको वडा नम्बर ७, ८, ९, १३, १४, १५ र १६ रहेका छन् ।

- **संस्थाको कार्यालयहरू :**

  **केन्द्रीय कार्यालय** : ओम सतिया गाउँपालिका वडा नंम्बर-१, कटैया, रुपन्देही

  **सेवा केन्द्र :** आस्थाश्री सेवाकेन्द्र, ओमसतिया-१, ठुटीपीपल, टुगा सेवाकेन्द्र, तिलोत्तमा न.पा.वडा नं.१५, कोटिहवा, देवनारी सेवाकेन्द्र, सियारी-१, ठुटीपीपल

- **नारा** (Motto) : “टुगा आस्था विकासमा मन पनि, धन पनि”
- **दुरदृष्टि** (Vision): वित्तीय सुशासन युक्त, प्रतिस्पर्धी तथा समुदायमा आधारित उत्कृष्ट सहकारी ।
- **ध्येय वा गन्तव्य**(Mission): सदस्यको दिगो आर्थिक विकासमा भरपर्दो वित्तीय सेवाप्रदान गर्न सक्षम, जवाफदेही व्यवस्थापकीय नेतृत्व भएको सामुदायिक सहकारी ।
- **लक्ष्य :** आ.व. २०७७/७८ को अन्तसम्म पूँजी ९० करोड र सदस्य संख्या ७५००
- **नीति, कार्यविधि :** संस्था संचालन ३३ वटा
- **कर्मचारी संख्या :** १९ जना
- **गुणस्तरीय कार्यक्रममा सहभागिता :**
- **सदस्यलाई वित्तिय तथा गैर वित्तिय अन्य सेवाहरु :**



  - ९ किसिमको बचत खाता र ९ किसिमको ऋण खाता सेवा संचालन ।
  - सबै बचत खाताहरुको दैनिक हिसाबले ब्याज गणना गरी प्रत्येक ३।३ महिनामा ब्याज भुक्तानी सुविधा ।
  - ऋणको नियमित किस्ता बुझाउने सदस्यलाई २ देखी ५ प्रतिशत ब्याज रिबेट (नगद छुट) सुविधा ।
  - ऋणी सदस्यलाई बिलम्व हर्जानामा १५ दिनसम्मको ग्रेस अवधिको सुविधा ।
  - कोभिड-१९ बाट प्रभावित व्यवसायी सदस्यलाई एकल अंक (Single digit) ब्याजदरमा ऋण सुविधा ।
  - घरेलु प्रयोजन सामानहरु शुन्य प्रतिशत ब्याजदरमा किस्ताबन्दी ऋण सुविधा ।
  - बचत झिक्नको लागि भुक्तानीपूर्जा (चेक) र क्युआर कोड विधि सुविधा ।
  - आपतकालिन अवस्थामा बिना ब्याजमा रु.२५ हजारसम्म ऋण सापटी सुविधा ।
  - बचत निक्षेपको ९० प्रतिशत ऋणमा सेवा शुल्क निशुल्क सुविधा ।
  - बिरामी सदस्यलाई आवश्यकता बमोजिम निशुल्क रगतको सुविधा ।
  - सबै सदस्यको रु.५ लाखको दुर्घटना बिमा सुविधा ।
  - रु.१० लाखसम्मको ऋण बिमा सुविधा ।
  - सदस्य वा हकवालाको निधनमा शोक राहत सहयोग सुविधा ।
  - नवजात शिशु आगमन तथा नवविवाहित दम्पत्ती सदस्यलाई स्वागत कार्यक्रम सुविधा ।
  - ७० वर्ष पुगेका जेष्ठ नागरिक सदस्यलाई सम्मान पेन्सन सुविधा ।
  - डिजिटल मोबाइल बैकिङ्ग सेवा सुविधा ।
  - सदस्यको विद्यार्थी सन्ततिलाई शैक्षिक सम्मान तथा पुरस्कार सुविधा ।

- उत्कृष्ट बचतकर्ता तथा ऋणी सम्मान सुविधा ।

- **समुदायमा गतवर्ष गरेका मुख्य मुख्य सामाजिक कार्यहरु :**
  - कार्यक्षेत्रका पालिकाहरुको कोभिड-१९ बिपद व्यवस्थापन समितिहरुलाई रु.१२५,०००।- आर्थिक सहयोग प्रदान ।
  - कार्यक्षेत्रका २० वटा विद्यालयलाई कोभिड-१९ बिरुद्ध ज्वरो नाप्ने मेशिन (थर्मल गन) सहयोग ।
  - तिलोत्तमा न.पा.-१४ निवासी अति असाहय श्री धनबहादुर थापालाई आवास निमार्ण सहयोग तथा खाद्यन्न सहयोग रु. १०,०००।- प्रदान ।
  - कोभिड-१९ को महामारीमा २ पटक आकस्मिक रक्तदान कार्यक्रम आयोजना गरी ९० युनिट रगत संकलन ।
  - खुला आँखा शिविर संचालन गरी ३५० जना निशुल्क आँखा जाँच तथा औषधी बितरण र ३२ जनाको निशुल्क मोतिया बिन्दु रोगको आँखाको शल्यक्रिया व्यवस्थापन ।
  - राष्ट्रिय सहकारी दिवस २०७७ को अवसरमा सिद्धार्थ राजमार्गमा वृक्षारोपण कार्यक्रम संचालन ।
  - २० जना बेरोजगार युवाहरुलाई ५०% अनुदानमा व्यवसायिक सवारी चालक प्रशिक्षण कार्यक्रम संचालन ।
  - १० जना बाढीपीडित सदस्यलाई जनही रु.३,५००।-का दंरले रु.३५,०००।- राहत सहयोग वितरण ।
  - २१ जना मृतक सदस्य शोक राहत वितरण, ४४ जना नवशिशु स्वागत सम्मान तथा ४६ जना जेष्ठ नागरिक सदस्य सम्मान पेन्सन वापत रु.२६७,३००।- प्रदान ।

# बैंकको कलङ्की शाखामा कारोबार गर्ने दुई सहकारी संस्थाहरू पुरस्कृत



राष्ट्रिय सहकारी बैंक लिमिटेड कलङ्की शाखामा कारोबार गर्ने दुई वटा सहकारी संस्थाहरु पुरस्कृत भएका छन् । कलङ्की शाखामा आर्थिक वर्ष २०७६/०७७ मा उत्कृष्ट र नियमित कारोबार गर्ने सहकारी संस्थाहरु पुरस्कृत भएका हुन ।

उत्कृष्ट कारोबार विधा अन्तर्गत मनाङ्ग ट्रष्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेड स्वयम्भू, काठमाण्डौं र नियमित कारोबार विधामा आधुनिक जन बचत तथा ऋण सहकारी संस्था लिमिटेड सितापाइला , काठमाडौं लाई पुरस्कृत गरिएको थियो । असोज ६ गते एक कार्यक्रमको आयोजना गरि पुरस्कृत हुने सहकारी संस्थाका प्रतिनिधिहरुलाई बैंकका अध्यक्ष के.बी उपेती संचालक एवं बागमति प्रदेश संयोजक ज्ञान बहादुर तामाङ र कलंकी शाखा समन्वय उप-समितिका संयोजक मनोज कुमार थापा मगरले संयूक्त रुपमा प्रशंसा पत्र वितरण गर्नु भयो ।

पुरस्कार वितरण कार्यक्रममा बोल्दै बैंकका अध्यक्ष उप्रेतीले “सहकारी क्षेत्रलाई आवश्यक पर्ने वित्तीय तथा गैर-वित्तीय सम्पूर्ण सेवाहरु सहकारी बैंकले प्रदान गरेको भन्दै त्यसको उपभोग गर्न सहकारी संस्थाहरुलाई आग्रह गर्नु भयो” । त्यस्तै संचालक ज्ञान बहादुर तामाङ र शाखा समन्वय उपसमितिका संयोजक मनोज थापा मगर, शाखा प्रमुख राम कुमार तिमल्सिनाले पुरस्कृत संस्थाहरुलाई बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो ।

पुरस्कृत संस्था आधुनिक जनका अध्यक्ष शेर बहादुर बि. सी.र मनाङ्ग ट्रष्ट बचत तथा ऋण सहकारी संस्थाका ब्यबस्थापक सरिन श्रेष्ठले बैंकले संस्थाको योगदानको कदर गदै पुरस्कृत गरेकोमा खुसि व्यक्त गर्दै आगामी दिनमा थप व्यवस्थित रुपमा काम गर्ने प्रतिवद्धता व्यक्त गर्न भयो ।

# पोखरामा बैंकको सम्मान तथा अन्तरक्रिया कार्यक्रम




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड पोखरा र तालचोक शाखाको आयोजनामा सम्मान तथा अन्तरक्रिया कार्यक्रम असोज ८ गते सम्पन्न भएको छ ।

बैंकको पोखरा र तालचोक शाखामा कारोबार गर्ने सहकारी संघ/संस्थाका प्रतिनिधि र को-अपरेटिभ म्यानेजर्स क्लब कास्कीको चौंथो वार्षिक साधारण सभाबाट निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले सम्मान सहित बधाई तथा शुभकामना दिनु भएको थियो । बैंकको पोखरा शाखा समन्वय उपसमितिका सल्लाहकार भिम गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाई, को-अपरेटिभ म्यानेजर्स क्लबका अध्यक्ष अपिल कोईराला लगायतले मन्तव्य राख्नु भएको थियो । कार्यक्रममा स्वागत पोखरा शाखाका प्रमुख नरेश पाण्डे र संचालन तालचोक शाखाका प्रमुख सन्तोष घिमिरेले गर्नु भएको थियो ।

# बाँके र बर्दिया जिल्लाका सहकारीकर्मीहरूसंग बैंकको अन्तरक्रिया कार्यक्रम



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड कोहलपुर र नेपालगंज शाखा कार्यालयको संयुक्त आयोजनामा बाँके जिल्ला भरिका र बर्दिया जिल्लामा रहेको बढैयाताल गाउँपालिका भित्रका सदस्य सहकारी संघ/संस्थाका प्रतिनिधिहरु बिचमा असोज ९ गते शनिबार अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। बैंकका संचालक एवं लुम्बिनी प्रदेश संयोजक विजया धितालको अध्यक्षता तथा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी उप्रेतीको प्रमुख आतिथ्यता, राष्ट्रिय सहकारी विकास बोर्डको संचालक एवं खजुरा गाउँपालिकाका उप-प्रमुख एक माया वि.क.को आतिथ्यतामा भएको कार्यक्रममा बैंकका संचालक एवं कर्णाली प्रदेश संयोजक हरिहर नाथ योगी, केन्द्रीय कृषि सहकारी संघ लिमिटेडका संचालक देव बहादुर के.सी., केन्द्रीय बहुउद्देश्यीय सहकारी संघका संचालक भुपेन्द्र अधिकारी, जिल्ला सहकारी संघ बाँकेका अध्यक्ष प्रेम सुवेदी, विशिष्टकृत सहकारी संघका संचालक बिष्णु रिमाल, लुम्बिनी प्रदेश बचत तथा ऋण सहकारी संघका वरिष्ठ उपाध्यक्ष तथा जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष प्रकाश ज्ञवाली, जिल्ला कृषि सहकारी संघका अध्यक्ष एकता शाह, बैंकको कोहलपुर शाखा समन्वय उप समितिका संयोजक पारसनाथ थारु, कोहलपुर शाखा प्रमुख निताकुमारी थापा र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेडको नेपालगंज फिल्ड कार्यालयका ईन्चार्ज समिट खड्का लगायतले शुभकामना व्यक्त गर्नु भएको थियो । बैंकको सेवा सुविधा लगायत विविध विषयमा भएको अन्तरक्रिया कार्यक्रममा त्यस क्षेत्रका

विभिन्न सहकारी संघ/संस्थाका एक सय सात जनाभन्दा बढी प्रतिनिधिहरुको सहभागिता रहेको थियो । बैंकको नेपालगंज शाखाका प्रमुख सागर नाथ योगीको संचालनमा भएको कार्यक्रममा बैंकका संचालक एवं कर्णाली प्रदेश संयोजक हरिहर नाथ योगीले स्वागत मन्तव्य राख्नु भएको थियो, कार्यक्रममा बैंकको कोहलपुर र नेपालगंज शाखाका शाखा प्रमुखहरुले बैंकको विषयमा प्रस्तुतिकरण गर्नु भएको थियो ।

# स्याङ्जाका सहकारीकर्मीहरुलाई सहकारी व्यवस्थापन तालिम

राष्ट्रिय सहकारी बैंक लिमिटेड पुतली बजार शाखा स्याङ्जाको आयोजनामा एक दिने सहकारी व्यवस्थापन तालिम असोज १० गते सम्पन्न भएको छ ।

भर्चुअल माध्यमबाट सञ्चालित तालिमको शुभारम्भ गर्दै बैंकका अध्यक्ष के.बी.उप्रेतीले सहकारीलाई व्यवस्थित रुपमा सञ्चालनका लागि तालिमले सहयोग पुऱ्याउने बताउनुभयो । सहकारीलाई यसको मर्म र भावना अनुसार अगाडि बढाउनका लागि व्यवस्थापनका बारेमा जानकारी हुन आवश्यक छ, अध्यक्ष “उप्रेतीले भन्नुभयो”-सहकारीलाई पूँजी, प्रविधि लगायत संस्थागत विकास र स्तरीकरणका लागि सहकारी बैंक सहयोग गर्न तयार छ । सबै सहकारीहरुले सहकारी बैंकसंग आर्थिक कारोबार लगायत संस्थागत विकासमा सहकार्य गर्न उहाँले आव्हान गर्नु भयो ।

बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले सहकारी अभियानको साख बढाउनका लागि सहकारी शिक्षालाई व्यापक बनाउदै विधि पद्धती अनुसार सञ्चालन गर्नुका साथै स्पष्ट योजना निर्माण गरेर कार्यान्वयन गर्नु पर्नेमा जोड दिनुभयो ।

तालिममा सहजीकरण गर्दै प्रशिक्षक कृष्णप्रसाद आचार्यले सहकारीले विपन्न र सम्पन्न वर्गका जनताबीच पुलको काम गर्नु पर्नेमा जोड दिदै त्यसका लागि सहकारीका मूल्य, मान्यता, सिद्धान्तसंगै ऐन, कानुन कार्यान्वयन गर्न, सञ्चालक समिति, लेखा समिति र व्यवस्थापनको जिम्मेवारी स्पष्ट गरी कार्यान्वयन गर्नु पर्ने बताउनुभयो ।

तालिममा स्याङ्जाको पुतलीबजार शाखा अन्तर्गत सञ्चालित सहकारी संघ संस्थामा आवद्ध ५५ जना सहकारीकर्मीहरुको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन राष्ट्रिय सहकारी बैंक तालिम विभागका वरिष्ठ अधिकृत मिना शर्मा र स्वागत पुतलीबजारका शाखा प्रमुख पुष्पाकुमारी क्षेत्रीले गर्नु भएको थियो ।



## सफलताको कथा

# मिलिजुली कालिञ्चोक साकोस उद्यमीहरुको लागी वरदान साबित




२०५० साल भाद्र ७ गते स्थापना भएको मिलिजुली कालिञ्चोक बचत तथा ऋण सहकारी संस्था लिमिटेड २०५० साल मंसिर २ गते जिल्ला सहकारी कार्यालय धुलिखेलमा ८३ नम्बरमा दर्ता भएको हो । संस्था स्थापना भए पश्चात विभिन्न आरोह अबरोहहरु पार गर्दै हाल दोलखा जिल्ला भरि यो संस्थाले आफ्नो कार्यक्षेत्र बिस्तार गर्न सफल भएको छ । एउटा केन्द्रीय कार्यालय सहित जिल्ला भरि जम्मा ८ वटा सेवा केन्द्र मार्फत जिल्ला भर छरिएर रहेका आफ्ना सदस्यहरुलाई सामाजिक, सास्कृतिक, आर्थिक र प्रविधिको रुपमा उनीहरुको जीबन विकासको लागि सदैब आफ्नो उद्देश्य मुताबिक सेवा प्रदान गर्दै आईरहेको छ । मिलिजुली कालिञ्चोक बचत तथा ऋण सहकारी संस्थाले निम्न वर्गहरुमा रहेका सदस्यहरुलाई आत्मनिर्भर बनाई हाल उद्यमी बनाएर आर्थिक उन्नतीको लागि विभिन्न कार्य, तालिम र प्राविधिक सहयोग गर्दै आईरहेको छ ।



यस संस्थालाई सुशासनमा चलाउन, प्रभाबकारी वित्तीय संरचना कायम गर्न, सदस्यहरुलाई प्रवाह गर्ने बस्तु तथा सेवा प्रभाबकारी बनाउन , संस्थाको मानव संशाधनलाई दक्ष बनाई मुस्कान सहितको सदस्य सेवा प्रदान गर्न एक्सेस कार्यक्रमको ८६ वटा र **CULEG** को १२० वटा सूचकांकहरुको निर्देशन बमोजिम बिभिन्न कार्यहरु गर्दै आईरहेको छ । भने संस्थाले वार्षिक रुपमा आर्थिक बर्ष २०७७/०७८ बाट NFRS बिधि बाट लेखा परिक्षण थालनी गरेको छ ।

यसरी सुशासनमा आधारित सञ्चालन भएको यो संस्था २०६९ सालमा राष्ट्रिय सहकारी बैंकबाट मध्यमाञ्चल उत्कृष्ट, २०७१ सालमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कुन) बाट नेपाल उत्कृष्ट, आर्थिक वर्ष २०७१/०७२, २०७३/०७४ र २०७४/०७५ मा गरी तीन पटक आन्तरिक राजश्व कार्यालय बाट उत्कृष्ट करदाता, २०७६ सालमा नेफ्स्कुन बाट एकिकरण कार्यमा नेपाल उत्कृष्ट , २०७७ सालमा नेफ्स्कुन बाट साकोस अभियानको नेपाल उत्कष्ट ब्यबस्थापक .

२०७८ सालमा नेफ्स्कुन बाट संस्थापक अध्यक्ष सम्मान सहित विभिन्न क्षेत्रबाट प्रशंसित भई आईरहेको छ ।

यस संस्थाले आफ्ना शेयर सदस्यहरुलाई ऋणी मात्र बनाउने उदेश्य नलिई धनी बनाउने उद्देश्य सहित संस्थामा बिभिन्न ऋण र बचतको सेवा प्रदान गरिरहेको छ । वित्तीय साक्षरता, कानुनी साक्षरता, प्रविधि साक्षरता, स्वास्थ्य साक्षरता र ऋण ब्यबस्थापन तालिमको आयोजना गर्दै अघि बढिरहेको छ । हाल यो संस्थामा शेयर सदस्य र बाल बचत कर्ता गरि जम्मा ३१,७,५३ जना रहनु भएको छ ।

***"यो सहकारी नभएको भए हामी जस्ता निम्न स्तर भएका मानिसहरुलाई जिवन स्तर परिबर्तन गर्न कठिनाई हुने थियो त्यसैले यो सहकारी हामी जस्तो मानिसहरुको लागि बरदान नै साबित भएको छ" । -कल्पना थापा (शेयर सदस्य)***

यस संस्थाले नयाँ तरिकाले सोच्ने, नयाँ पन दिने, उपलब्ध श्रोत र साधनको उच्चतम प्रयोग गरि फाईदा लिने कार्यलाई आत्मसाथ गरि व्यवसाय विकास सेवा अर्न्तगत अकु र नेफस्कुनको प्राबिधिक सहयोगमा उद्यमसिलता विकासको लागि आफ्ना उद्यमी शेयर सदस्यहरुको लागि उद्यमसिलता तालिम पनि दिई आईरहेको छ । भिमेश्वर नगरपालिका वडा नम्बर-३, निवासी सस्थाको सदस्य नम्बर ३,०५७ कि कल्पना थापा यस संस्थामा विगत ११ वर्ष देखि वित्तीय सहयोग लिईरहनु भएको छ । रु १,००,००० (अक्षरुपी एक लाख) लगानी बाट सुरु गर्नु भएको कुखुरा पालन हाल एक लाख देखि रु १५ लाख मा पुगेको बताउँनु हुन्छ । संस्थाको वित्तीय र प्राविधिक सहयोगले मैले यो व्यवसाय संचालन गर्न सफल भए र मेरो जीवनस्तर पनि फरक भएको बताउँनु हुन्छ । यो व्यवसायको मुनाफाबाट उनको दुई सन्तान पढाउन घर व्यवहार धान्न , ऋणको किस्ता तिर्न, बचत गर्न र समस्या परेको बेलामा केहि रकम निकाल्न सहज भएको बुझिन्छ र अगाडि भन्नु हुन्छ "यो सहकारी नभएको भए हामी जस्ता निम्न स्तर भएका मानिसहरुलाई जिबन स्तर परिबर्तन गर्न कठिनाई हुने थियो त्यसैले यो सहकारी हामी जस्तो मानिसहरुको लागि बरदान नै साबित भएको छ" ।

यस संस्थाले **कृषकसँग मिलिजुली कालिञ्चोक साकोस** भन्ने नाराका साथ बिभिन्न कृषि खेती गर्ने पशुपालन गर्ने र स- साना उद्योग गर्ने सदस्यहरुको लागि बित्तीय सहयोग र प्राविधक सहयोग गर्दै आईरहेको छ। भिमेश्वर नगरपालिका वडा नम्बर २, निवासी संस्थाको सदस्य नम्बर ३,७१६ कि दुर्गा विश्वकर्मा करिब ११ वर्ष देखि संस्थामा आवद्धता हुनुहुन्छ । उहाँले संस्थाबाट रु ५०,००० हजार बाट लगानी गरेर आफ्नो कृषि,पशुपालन ब्यबसाय थालनी गर्नु भएको अहिले आएर संस्थाको सहयोगमा विकसित पशुपालन र अन्य कृषी योजनाहरु थाल्नु भएको बताउनु हुन्छ । यस सहकारीले गर्दा मैले यतिको गर्न सके र हामी जस्ता न्यूनस्तर भएका मानिसहरुको लागि सहकारी वरदानकै रुपमा रहेको कुरा उहाँको चेहेरा बाट प्रस्ट झल्कन्छ ।



# जोरपाटीमा सहकारी संस्थामा सुशासन विषयक तालिम

राष्ट्रिय सहकारी बैंक लिमिटेड जोरपाटी शाखाको आयोजनामा सहकारी संस्थामा सुशासन विषयक एक दिने तालिम असोज ११ गते सम्पन्न भएको छ ।
भर्चुअल माध्यमबाट आयोजना भएको तालिमको शुभारम्भ गर्दै बैंकका अध्यक्ष के.बी.उप्रेतीले "सहकारीलाई वित्तीय रुपमा सक्षम तथा संस्थागत रुपमा सुशासन युक्त बनाउन आवश्यक रहेको बताउनु भएको थियो" ।
उहाँले सहकारी संघ/संस्थाहरुको संस्थागत अवस्थामा सुधार ल्याउनका लागि सहकारी बैंकले वित्तीय तथा गैर-वित्तीय विभिन्न सेवाहरु सञ्चालन गरेको भन्दै उहाँले सहकार्य गरेर अगाडि बढ्न आव्हान गर्नु भयो । कार्यक्रममा बैंकको बुटवल शाखाका प्रमुख तथा तालिमको सहजकर्ता नारायण बेल्वासेले सहकारीलाई संस्थागत रुपमा सुशासनयुक्त बनाउन यसका संरचनाहरुको प्रभावकारिताको लगायतका विषयमा सहजीकरण गर्नु भयो ।
कार्यक्रममा बैंकको जोरपाटी शाखा कार्यालय अन्तर्गत कारोबार गर्ने त्यस क्षेत्रका सहकारी संघ/संस्थाका पदाधिकारी, संचालक, व्यवस्थापक तथा कर्मचारीहरु लगायत ५० भन्दा बढीको सहभागिता रहेको थियो । बैंकको तालिम विभागका बरिष्ठ अधिकृत मिनाकुमारी शर्माले संचालन गर्नु भएको कार्यक्रममा स्वागत जोरपाटी शाखाका प्रमुख सुमन कुमार श्रेष्ठले गर्नु भएको थियो ।

# धनगढीमा बैंकको सम्मान तथा अन्तरक्रिया कार्यक्रम




राष्ट्रिय सहकारी बैंक लिमिटेड धनगढी शाखाको आयोजनामा सम्मान तथा अन्तरक्रिया कार्यक्रम असोज १३ गते सम्पन्न भएको छ । कार्यक्रममा बैंकको धनगढी शाखामा कारोबार गर्ने सहकारी संघ/सस्थाका प्रतिनिधिहरु र राष्ट्रिय सहकारी बैंक बिचमा बैंकको सेवा सुविधा, सदस्य केन्द्रीत योजना लगायतका विषयमा अन्तरक्रिया भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि सुदूरपश्चिम प्रदेश सरकारका आर्थिक मामिला मन्त्री तारा लामा तामाङ्गले प्रदेश सरकार सहकारीसंग मिलेर काम गर्न चाहेको बताउनु भयो । उहाँले प्रदेश भित्रका सहकारी संस्थाहरुले आफ्ना सदस्यहरुलाई व्यवसायिक उत्पादनमा लाग्न जोड दिनु पर्ने भन्दै कृषि तथा पशुपालन गरि स्वरोजगार बनाउने तर्फ लाग्नु पर्ने उल्लेख गर्नु भयो । त्यस तर्फ प्रदेश सरकारले पनि नीति तथा कार्यक्रम बनाएर अघि बढ्ने बताउनु भयो ।

बैंकका संचालक तथा सुदूरपश्चिम प्रदेश संयोजक शिवा थापाको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेडका संचालक माधव प्रसाद जोशी, बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाई, जिल्ला सहकारी संघ लिमिटेड कैलालीका अध्यक्ष फणी राज सापकोटा, उपाध्यक्ष भुपेन्द्र थापा, कृषि सहकारी संघ लिमिटेड कैलालीका अध्यक्ष तेज राज अवस्थी, जिल्ला बहुउद्देश्यीय सहकारी संघ कञ्चनपुरका अध्यक्ष प्रेम सिंह भाट लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो । बैंकको धनगढी शाखा समन्वय उपसमितिका सदस्य डा. गोविन्द राज जोशीले स्वागत गर्नु भएको कार्यक्रममा त्यस क्षेत्रका ८० वटा भन्दा बढी सहकारी संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

***उत्कृष्ट र नियमित कारोबार गर्ने स हकारी संस्था पुरस्कृत.....***

राष्ट्रिय सहकारी बैंक लिमिटेड सुदूरपश्चिम प्रदेश स्तरमा उत्कृष्ट कारोबार गर्ने दुई र धनगढी शाखामा कारोबार गर्ने दुई सहकारी संस्थाहरुलाई असोज १३ गते पुरस्कृत गरिएको छ ।

बैंकको १७ औं वार्षिक साधारण सभामा प्रदेश र शाखा स्तरमा उत्कृष्ट र नियमित कारोबार विधा अन्तर्गत घोषणा भएका सहकारी संस्थाहरुलाई पुरस्कृत गरिएको हो । पुरस्कृत हुने संस्थाहरुमा प्रदेश स्तरमा उत्कृष्ट कारोबार गर्ने नवजीवन सहकारी संस्था लिमिटेड धनगढी र जनकल्याण बचत तथा ऋण सहकारी संस्था लिमिटेड टिकापुर कैलाली रहेका छन् । त्यसैगरी शाखा स्तरमा उत्कृष्ट कारोबार गर्ने दलित बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड पुर्नवास कञ्चनपुर र नियमित कारोबार विधामा लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड धनगढी कैलाली पुरस्कृत भएको हुन् ।

पुरस्कृत संस्थाका प्रतिनिधिहरुलाई सुदूरपश्चिम प्रदेश सरकारका आर्थिक मामिला मन्त्री तारा लामा तामाङ्ग, बैंकका संचालक शिवा थापा र प्रमुखकार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले संयुक्त रुपमा दोसल्ला ओढाई प्रशंसा पत्र वितरण गर्नु भएको थियो ।

# सुदूरपश्चिम प्रदेश सरकारका आर्थिक मामिला मन्त्री तामाङ्गलाई बैंकका प्रमुख कार्यकारी अधिकृत गुरागाईद्वारा बधाई तथा शुभकामना



राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले सुदूरपश्चिम प्रदेश सरकारका नवनियुक्त आर्थिक मामिला तथा योजनामन्त्री तारा लामा तामाङ्गलाई बधाई तथा शुभकामना दिनु भएको छ ।

असोज १४ गते मन्त्री तामाङ्गको कार्यकक्षमा प्रमुख कार्यकारी अधिकृत गुरागाईले बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना दिनु भएको थियो । सो अवसरमा उहाँले राष्ट्रिय सहकारी बैंकले सुदूरपश्चिम क्षेत्रका सहकारी संघ/संस्थाहरुको लागि वित्तीय तथा गैर-वित्तीय क्षेत्रमा गरिरहेको क्रियाकलापको बारेमा जानकारी गराउनु भएको थियो । कार्यक्रममा शुभकामना ग्रहण पछि मन्त्री तामाङ्गले राष्ट्रिय सहकारी बैंकले सुदूरपश्चिम क्षेत्रका सहकारीहरुलाई वित्तीय तथा अन्य क्षेत्रमा गरेको कार्यको उच्च प्रशंसा गर्दै प्रदेश सरकार बैंकसंग सहकार्य गरेर यहाँका सहकारी क्षेत्रको विकास र प्रवर्द्धन गर्न सकिने बताउनुभयो ।

# कञ्चनपुर क्षेत्रका सहकारीकर्मीसंग बैंकको अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय सहकारी बैंक लिमिटेड महेन्द्रनगर शाखाको आयोजनामा सहकारी संघ/संस्थाका प्रतिनिधिहरु बिच अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ ।

असोज १४ गते होटल चेतनको सभाहलमा भएको कार्यक्रममा बैंकको महेन्द्रनगर शाखा कार्यालयमा कारोबार गर्ने सहकारी संघ/संस्थाका प्रतिनिधि र बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाई बिचमा अन्तरक्रिया तथा छलफल भएको थियो ।

छलफलमा उठेको सन्दर्भ ब्याजदर, सहकारीमा प्रविधिको प्रयोग, सहकारी बैंकको चेक क्लीयरिङ र सहकारी बैंकको बारेमा प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले प्रकाश पार्नु भएको थियो ।

कार्यक्रममा नेपाल बचत तथा ऋण केन्दीय सहकारी संघ लिमिटेडका संचालक माधब प्रसाद जोशी, राष्ट्रिय सहकारी बैंकको लघुवित्त उपसमितिका सदस्य गणेश बहादुर चन्द, जिल्ला बहुउद्देश्यीय सहकारी संघ लिमिटेड कञ्चनपुरका अध्यक्ष प्रेम सिंह भाट, जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष भवानी चन्द, भिमदत्त नगरपालिकाको आर्थिक शाखाका प्रमुख कृष्णदत्त पाण्डे, भिमदत्त नगरपालिकाको सहकारी शाखाका प्रमुख बिमला भाट, राष्ट्रिय सहकारी बैंक धनगढी शाखाका प्रमुख कृष्ण रावल, को-अपरेटिभ म्यानेजर्स क्लब महेन्द्रनगरका अध्यक्ष सुनिल सेटी लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रममा ८० वटा भन्दा बढी सहकारी संघ/संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । कार्यक्रमको संचालन महेन्द्रनगर शाखाका प्रमुख प्रकाश थपलियाले गर्नुभएको थियो ।

सोही कार्यक्रममा महेन्द्रनगर शाखाले भदौ २९ गते ५७ औं राष्ट्रिय बालदिबसको अबसरमा आयोजना गरेको निबन्ध लेखन प्रतियोगीतामा सफल बिद्यार्थीहरुलाई पुरस्कृत गरेको छ । विजयी विद्यार्थीहरुलाई बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले पुरस्कार वितरण गर्नु भएको थियो ।

# सुर्खेतमा बैंकको सम्मान तथा अन्तरक्रिया कार्यक्रम




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड सुर्खेत शाखाको आयोजनामा सम्मान तथा अन्तरक्रिया कार्यक्रम असोज १८ गते सम्पन्न भएको छ ।

कार्यक्रममा बैंकको सुर्खेत शाखामा कारोबार गर्ने सहकारी संघ/सस्थाका प्रतिनिधिहरु र राष्ट्रिय सहकारी बैंक बिच बैंकको सेवा लगायत समग्र अवस्थाका बारेमा अन्तरक्रिया भएको थियो ।

कार्यक्रममा बैंकका अध्यक्ष के.बी.उप्रेतीले सहकारीलाई मर्यादित व्यवसायका रुपमा अगाडि बढाउन सहकारी संस्थाका पदाधिकारी, संचालक तथा कर्मचारीहरुलाई आग्रह गर्नु भयो । उहाँले सहकारी सदस्य केन्द्रीत व्यवसाय भएकाले संस्थाका संचालक र कर्मचारीहरुले सदस्यको आर्थिक विकास र सामाजिक रुपान्तरणका योजना बनाएर उनीहरुलाई ति कार्यक्रमहरुमा सहभागिता गराउनु पर्नेमा जोड दिनु भयो । बैंकले सदस्य संघ/संस्थाहरुको लागि सम्पूर्ण वित्तीय तथा गैर-वित्तीय सेवा सहज रुपमा उपलब्ध गराईरहेको जानकारी दिदै बैंक मार्फतनै सबै कारोबार तथा अन्य सुविधा उपभोग गर्न अनुरोध गर्नुभयो ।

बैंकका संचालक तथा कर्णाली प्रदेशका संयोजक हरिहर नाथ योगीको अध्यक्षतामा भएको कार्यक्रममा बैंकको लघुउद्यम उप-समितिका सदस्य कृष्ण वंशी, नेपाल केन्द्रीय बहुउद्देश्यीय सहकारी संघका संचालक चन्द्र थानी, जिल्ला सहकारी संघ लिमिटेड सुर्खेतका प्रतिनिधि अमृत बि.सी, वीरेन्द्रनगर नगरपालिकाको सहकारी शाखाका प्रमुख टंक लामिछाने लगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा त्यस क्षेत्रका एक सय वटा भन्दा बढी सहकारी संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

### *कर्णालीमा उत्कृष्ट र नियमित कारोबार गर्ने सहकारी संस्था पुरस्कृत*

राष्ट्रिय सहकारी बैंक लिमिटेड कर्णाली प्रदेश स्तरमा उत्कृष्ट कारोबार गर्ने दुई र सुर्खेत शाखामा कारोबार गर्ने

दुई गरी चार सहकारी संस्थालाई असोज १८ गते पुरस्कृत गरिएको छ। बैंकको १७ औं वार्षिक साधारण सभामा प्रदेश र शाखा स्तरमा उत्कृष्ट र नियमित कारोबार विधा अन्तर्गत घोषणा भएका सहकारी संस्थाहरुलाई पुरस्कृत गरिएको हो। सम्माति हुने संस्थाहरुमा कर्णाली प्रदेश स्तरमा उत्कृष्ट कारोबार गर्ने सिद्धार्थ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड वीरेन्द्रनगर-६, सुर्खेत र पुर्ण सक्रिय समाज बचत तथा ऋण सहकारी संस्था लिमिटेड रहेका छन्। त्यसैगरी शाखा स्तरमा उत्कृष्ट कारोबार गर्ने सुर्खेत बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड र नियमित कारोबार विधामा ओयसिस बचत तथा ऋण सहकारी संस्था लिमिटेड पुरस्कृत छन्।

सम्मानित संस्थाका प्रतिनिधिरुलाई बैंकका अध्यक्ष के.बी उप्रेती र संचालक हरिहर नाथ योगीले संयुक्त रुपमा दोसल्ला ओढाई प्रशंसा पत्रवितरण गर्नु भएको थियो।

यसैबीच ५७ औँ राष्ट्रिय बाल दिवसका अवसरमा असोज ५ गते भैरव माध्यामिक विद्यालय सुर्खेतमा संचालित हाजिरी जवाफप्रतियोगितामा प्रथम, द्वितिय, तृतीय र सान्त्वना भएका विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको थियो। कार्यक्रमको संचालन तथा शाखाको बारेमा प्रस्तुतीकरण सुर्खेत शाखाका प्रमुख हिरालाल सुनारले गर्नु भएको थियो।

# दैलेखमा राष्ट्रिय सहकारी बैंकको अन्तरक्रिया कार्यक्रम

ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेड दैलेख शाखाको आयोजनामा पुरस्कार वितरण तथा अन्तरक्रिया कार्यक्रम असोज १९ गते सम्पन्न भएको छ।

कार्यक्रममा बैंकको दैलेख शाखामा कारोबार गर्ने सहकारी संघ/सस्थाका प्रतिनिधिहरु र राष्ट्रिय सहकारी बैंक बिच बैंकका सेवा सुविधा लगायतका विषयमा अन्तरक्रिया सम्पन्न भएको हो।

कार्यक्रममा बोल्दै बैंकका अध्यक्ष के.बी. उप्रेतीले बैंकले सदस्य सहकारी संघ/संस्थाहरुको विकास र प्रवर्द्धनको लागी वित्तीयतथा गैर-वित्तीय क्षेत्रमा उत्कृष्ट सेवा दिएको, संस्थाहरुमा हुने कारोबारलाई छिटो, छरितो र प्रविधि मैत्री बनाउन बैंकले अन्तर सहकारी रकम स्थानान्तरण सहितको सुविधा हुने कार्यक्रम अन्तिम चरणमा पुगेको बताउनु भयो।

*उत्कृष्ट र नियमित कारोबार गर्ने सहकारी संस्था पुरस्कृत*

राष्ट्रिय सहकारी बैंक लिमिटेड दैलेख शाखामा कारोबार गर्ने दुई सहकारी संस्थाहरु पुरस्कृत भएका छन्।

बैंकको १७ औं वार्षिक साधारण सभामा शाखा स्तरमा उत्कृष्ट र नियमित कारोबार विधा अन्तर्गत घोषणा भएका सहकारी संस्थाहरुलाई असोज १९ गते एक कार्यक्रमका बिच पुरस्कृत गरिएको हो।

पुरस्कृत हुने संस्थाहरुमा उत्कृष्ट कारोबार गर्ने राष्ट्र

उहाँले कार्यक्रममा सहभागिता जनाएका सहकारी कर्मीहरुसंगको छलफल तथा अन्तरक्रियामा सहभागिहरुले बैंकको विषयमा उठाएका प्रश्नहरुको जवाफ दिनुभएको थियो।

बैंकका संचालक तथा कर्णाली प्रदेशका संयोजक हरिहर नाथ योगीको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला सहकारी संघ लिमिटेड कालिकोटका अध्यक्ष कालि बहादुर महत, जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड दैलेखका अध्यक्ष दिपक कुमार हमाल, जिल्ला सहकारी संघ लिमिटेड दैलेखका उपाध्यक्ष भुपेन्द्र कुमार खड्का लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो। कार्यक्रममा बैंकको दैलेख शाखामा कारोबार गर्ने ९३ वटा सहकारी संस्थाका एक सय ५४ जनाभन्दा बढी सहकारीकर्मीहरुको सहभागिता रहेको थियो।

सेवक बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड र नियमित कारोबार विधामा गोठपाँडा कृषक सहकारी संस्था लिमिटेड रहेका छन्।

पुरस्कृत संस्थाका प्रतिनिधीरुलाई बैंकका अध्यक्ष के.बी उप्रेती र संचालक हरिहर नाथ योगीले संयुक्त रुपमा दोसल्ला ओढाई प्रशंसापत्र वितरण गर्नु भएको थियो।

कार्यक्रमको संचालन तथा शाखाको बारेमा प्रस्तुतिकरण दैलेख शाखाका प्रमुख सुरेन्द्र शाहीले गर्नु भएको थियो।

# राष्ट्रिय सहकारी बैंकद्वारा सहकारी विभागका रजिष्ट्रार अधिकारीलाई बधाई एवम् शुभकामना



नेपाल सरकार भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको संघीय सहकारी विभागमा सरुवा भई आउनु भएका रजिष्ट्रार भलक राम अधिकारीलाई राष्ट्रिय सहकारी बैंकले बधाई तथा शुभकामना दिएको छ ।

बैंकका अध्यक्ष के.बी उप्रेती र प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले कार्तिक ८ गते विभागमा पुगेर रजिष्ट्रार अधिकारीलाई बधाई तथा शुभकामना दिनु भएको थियो । अध्यक्ष उप्रेती र प्रमुख कार्यकारी अधिकृत गुरागाईले राष्ट्रिय सहकारी बैंकले सहकारी संघ/संस्थाको विकास र प्रवर्द्धन, वित्तीय तथा गैर वित्तीय क्षेत्रमा गरेको कार्य र आगामी कार्ययोजनाका बारेमा जानकारी गराउनु भएको थियो । सो अवसरमा रजिष्ट्रार अधिकारीले नेपालको सहकारी अभियानमा सहकारी बैंकले पुऱ्याएको योगदान महत्वपूर्ण रहेको भन्दै आगामी दिनमा सहकारी क्षेत्रको विकास र प्रवर्द्धन लगायत अन्य विविध कार्यहरुमा सहकारी बैंकसंग सहकार्य गरेर अगाडी बढ्ने प्रतिवद्धता जनाउनुभयो ।

कार्यक्रममा विभागका उप-रजिष्ट्रार एवम् सूचना अधिकारी खिमानन्द आचार्य, उप-रजिष्ट्रार एवम् गुनासो सुनुवाई अधिकारी टोलराज उपाध्याय, बैंकको बानेश्वर शाखाका प्रमुख विष्णु गिरी, सहकारी विभागका कर्मचारीहरु लगायतको सहभागिता रहेको थियो । कार्तिक ८ गते देखी विभागमा पद बहाली गर्नु भएका रजिष्ट्रार अधिकारी यस अघि सुदूरपश्चिम प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव रहनु भएको थियो ।



## बैंकका प्रमुख कार्यकारी अधिकृत गुरागाई लेखामान बोर्डको सदस्यमा मनोनयन

राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाई लेखामान बोर्डको सातौं कार्यकालको लागि सदस्यमा मोनयन हुनुभएको छ ।

चार्टर्ड एकाउन्टेन्ट (सिए) समेत रहुभएका गुरागाईलाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सिफारिसमा सरकारको निर्णय अनुसार बोर्डको सदस्यमा मनोनयन हुनुभएको हो ।

मन्त्री परिषद्को असोज २४ गतेको निर्णय अनुसार उहाँलाई मनोनयन गरेको हो । २०७५ साल पुस ३ गतेदेखि बैंकको प्रमुख कार्यकारी अधिकृतका रुपमा कार्यरत गुरागाई चार्टर्ड एकाउन्टेन्ट (सिए), सहकारी क्षेत्रमा क्रियाशिल हुनुहुन्छ ।

## राष्ट्रिय सहकारी बैंकद्वारा नेफस्कून फिल्ड कार्यालय चरिकोट र हाम्रो जनकल्याण साकोस पुरस्कृत




राष्ट्रिय सहकारी बैंक लिमिटेड दोलखा शाखामा कारोबार गर्ने दुई वटा सहकारी संघ/संस्थाहरु पुरस्कृत भएका छन् । दोलखा शाखामा आर्थिक वर्ष २०७६/०७७ मा उत्कृष्ट र नियमित कारोबार गर्ने सहकारी संस्थाहरु पुरस्कृत भएका हुन ।

पुरस्कृत हुने संघ/संस्थाहरुमा उत्कृष्ट कारोबार विधा अन्तर्गत हाम्रो जनकल्याण बचत तथा ऋण सहकारी संस्था लिमिटेड चरिकोट र नियमित कारोबार विधामा नेपाल बचत तथा ऋण सहकारी केन्द्रीय सहकारी संघ लिमिटेड ( नेफ्स्कून)चरिकोट फिल्ड कार्यालयलाई रहेका छन् । कार्तिक १३ गते जिल्ला सहकारी संघ लिमिटेड दोलखाको १६ औं वार्षिक साधारण सभाको समापन समारोह कार्यक्रममा बैंकका अध्यक्ष के.बी उप्रेतीले पुरस्कृत हुने सहकारी संघ/संस्थाका प्रतिनिधिहरुलाई प्रशंसा पत्र वितरण गर्नु भएको थियो

। जिल्ला सहकारी संघ लिमिटेड दोलखाको १६ औ वार्षिक साधारणसभाको राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी उप्रेतीले एक कार्यक्रमका बीच उद्घाटन गर्नु भएको थियो । संघले वार्षिक साधारण सभाको अवसरमा संघमा आवद्ध भएका मध्ये उत्कृष्ट सहकारी संस्थाहरु सिर्जना बचत तथा ऋण सहकारी संस्था, जुनतारा कृषि सहकारी संस्था, परोपकार महिला सहकारी संस्था, भीमेश्वर बहुउद्देश्यीय सहकारी संस्था, जनसचेतन बचत तथा ऋण सहकारी संस्थालाई सम्मान गरेको थियो । वैतेश्वर गाउँपालिकामा रहेको सयपत्री बचत तथा ऋण सहकारी संस्थालाई एक थान कम्प्युटर, प्रिन्टर लगायतका सामाग्रीहरु प्रदान गरिएको छ। संघले उत्कृष्ट व्यवस्थापकको रुपमा आनन्ददायिक बहुउद्देश्यीय सहकारी संस्थाका व्यवस्थापक तारा बहादुर बस्नेत, उत्कृष्ट कर्मचारीहरु मिलिजुली बचत तथा ऋण सहकारी संस्थाका इन्दिरा दाहाल र जनमुखी बचत तथा ऋण सहकारी संस्थाका नकुल घिमिरेलाई सम्मान गरेको छ । सहकारी अभियन्ता पुरस्कार बागमती प्रदेश सहकारी संघका महासचिव भीम प्रसाद दाहाललाई प्रदान गरिएको छ । त्यसैगरि राष्ट्रिय सहकारी बैंकको सिफारिसमा एशियाली ऋण महासंघद्धारा पुरस्कृत हुनु हुने सहकारी अभियन्ता यज्ञराज्ञ ढुङगेललाई बधाई ज्ञापन गरेको छ। जिल्ला सहकारी संघ दोलखाका अध्यक्ष हेमन्त चौलगाईको अध्यक्षतामा भएको साधारण सभामा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी. उप्रेती, बागमति प्रदेश सहकारी संघका महासचिव भीमप्रसाद दहाल, जिल्ला सहकारी

संघका सल्लाहकार रामदास श्रेष्ठ, हाम्रो जनकल्याण बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष राजन श्रेष्ठ ,सहकारी अभियन्ता यज्ञराज ढुङ्गेल, जिल्ला बचत तथा ऋण सहकारी संघ दोलखाका उपाध्यक्ष जगतप्रसाद सुवेदी, संघका उपाध्यक्ष देवीप्रसाद शर्मा लगायतले शुभकामना मन्तव्य गर्नु भएको थियो ।

हाल जिल्लामा रहेका ५ सय दुई वटा सहकारी संस्थाहरु मध्ये ४ सय ३४ वटा सहकारी संस्थाहरु संघमा आवद्ध रहेका छन् । संघले गत आर्थिक वर्ष २०७७/०७८ को असार मसान्त सम्म ५० करोड ७३ लाख ४३ हजार ८३ रुपैयाँको कारोबार गरेको संघका अध्यक्ष हेमन्त चौलागाइले जानकारी दिनुभयो ।

## राष्ट्रिय सहकारी बैंकको १८ औं वार्षिक साधारण सभा.......

सबै एकाई अन्तर्गतका साधारणसभा बिहान ११ बजेबाट भौतिक उपस्थितिमा शुरु हुने भएका छन् ।

साधारण सभामा संञ्चालक समितिको प्रतिवेदन, लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन, आर्थिक वर्ष २०७७/०७८ को लेखा परिक्षण प्रतिवेदन, आर्थिक वर्ष २०७८/०७९ को प्रस्तावित बजेट तथा कार्यक्रम प्रस्तुत गरिने छ, त्यसैगरी साधारण सभामा आर्थिक वर्ष २०७८/०७९ को लेखापरिक्षकको नियूक्ति तथा पारिश्रमिक निर्धारण, विनियम संशोधन, विभिन्न कार्यविधिहरु संशोधन, कार्यसूचिमा थप भएका प्रस्ताव, बैंकको केन्द्रीय कार्यालयको लागि भवन निर्माण गर्ने, वैदेशिक निकायबाट सहुलियत पूर्ण कर्जा लिने, नियमनकारी निकायको निर्देशनको जानकारी गराउने र साधारण सभाको एकाई बैठकको निर्णय प्रमाणित गर्ने प्रतिनिधि तथा साधारण सभा (केन्द्र) को निर्णय प्रमाणित गर्न पठाउनुपर्ने एकाई प्रतिनिधिहरुको चयन गर्ने लगायतका समान कार्यसुचिहरु रहेको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले जानकारी दिनुभयो । उहाँका अनुसार साधारण सभामा भाग लिन आउने प्रतिनिधिहरुले आ-आफ्नो संघ/संस्थाबाट प्रतिनिधि मनोनयन भएको आधिकारिक पत्र बैंकको केन्द्रीय कार्यालय/शाखा कार्यालय वा बैंकको ईमेल agm@ncbl.coop मा उपलब्ध गराएको हुनुपर्ने र हरेक संघ/संघ संस्थाले एक जना आधिकारिक प्रतिनिधि मनोनयन गरी पठाउनु पर्ने उहाँले बताउनु भयो ।

साधारण सभामा प्रतिनिधिहरुले प्रस्ताव पेश गर्ने व्यवस्था (सहकारी संस्थाको साधारण सभा ( कार्यव्यवस्था) निर्देशिका, २०७६ को पहिलो संशोधन २०७७ को दफा ७ को उप दफा ३ (ङ) को उपखण्ड (१) तथा दफा १० अनुसार प्रस्ताव पेश गर्नको लागि उपस्थित संख्याको प्रस्तावक र समर्थक सदस्य संघ/संस्था हुनु पर्ने बैंकले उल्लेख गरेको छ । बैंकमा २०७८ कार्तिक ९ गते सम्म १४ हजार १ सय ५२ सदस्य सहकारी संघ/संस्थाहरु रहेका छन् । आवश्यक न्यूनतम प्रस्तावक सदस्य संघ/संस्था संख्या ५ प्रतिशत अर्थात ७ सय ७ र आवश्यक न्यूनतम समर्थक सदस्य संघ/संस्था संख्या ५ प्रतिशत अर्थात ७ सय ७ हुनु पर्ने बैंकले जनाएको छ ।

## बैकका प्रमुख कार्यकारी अधिकृत गुरागाईलाई प्रवल .....

२०७५ साल पुस ३ गतेदेखि बैंकको प्रमुख कार्यकारी अधिकृतका रुपमा कार्यरत गुरागाई चार्टर्ड एकाउन्टेन्ट (सिए), सहकारी क्षेत्रमा क्रियाशिल हुनुहुन्छ, त्यस भन्दा पहिला उहाँ बैंकको नायव महाप्रवन्धकका रुपमा कार्यरत हुनुहुन्थ्यो । संविधान दिवसका अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले गुरागाई सहित ९ सय ३ जनालाई विभिन्न विभूषण र पदक प्रदान गर्ने घोषणा गर्नुभएको हो । नेपालको संविधानको धारा २७७ को उपधारा ९१० बमोजिम २०७८ भदौ २९ गतेको मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति विद्यादेवि भण्डारीले ती विभूषण प्रदान गर्ने घोषणा गर्नु भएको हो ।


National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
सबै प्रकृतिका सहकारीलाई बैंकको सदस्य बन्न अझै सहजता
Internet Banking को सुविधा
रु १५०० मा बैंकको सदस्यता
SMS Banking को सुविधा
• वार्षिक शुल्क नलाग्ने
• सहज प्रक्रिया
• Online मार्फत सदस्यता लिन सकिने
थप जानकारीको लागी बैंकको नजिकको शाखा कार्यालयमा सम्पर्क गर्नुहोस
Web: www.ncbl.coop Email: ncbl@ncbl.coop
NEDAC
ACCU
coop
टोल फ्री नं १६६००१०२९९९